# धुलिखेल नगरपालिकाले आ.व.०८०।०८१ मा सम्पादन गरेका कार्यहरूको नगर तथा वडास्तरीय बार्षिक प्रगति समिक्षा कार्यक्रम

कार्तिक २९ गते,२०८१

## प्रतिवेदन

प्रस्तुतकर्ता
धुलिखेल नगरपालिका
काभ्रेपलाञ्चोक, धुलिखेल

## भूमिका (Background)

स्थानीय तहको समग्र विकासको अवधारणालाई व्यवहारमा उतार्न र स्थानीय सरकारको रुपमा जिम्मेवार, जवाफदेहीपूर्ण र सेवामुखि तुल्याई स्थानीयस्तरमा सुशासन कायम गर्न बार्षिक समिक्षा एउटा महत्वपुर्ण कडिको रुपमा रहेको छ । यस अर्न्तगत नगरपालिकाले आ.व. ०८०।०८१ मा नगरसभाबाट पारित गरेको बार्षिक नीति तथा कार्यक्रमहरु के कति परिमाणमा सम्पन्न भए कति योजना तथा कार्यक्रमहरु सम्पादन गर्न सकिएन आदि विषयलाई समेटेर वडा तथा नगरपालिकाको बार्षिक प्रगति समिक्षा कार्यक्रम संचालन गरिएको थियो । बार्षिक समिक्षा कार्यक्रमको मुख्य उद्देश्य भनेको तोकिएको परिमाण, गुणस्तर, समय र लागतमा कार्यक्रमहरु सम्पन्न गर्नका लागि राखिएको उद्देश्यहरु पुरा भयो वा भएन सेवाग्राहीहरुलाई प्रदान गरिएको सेवाको अवस्था के कस्तो छ , उपलब्धिहरु के कस्तो भयो र समस्या र चूनौतीहरु के थिए र समाधानको उपायहरु के के अवलम्बन गरियो आदि कामको लागि समिक्षा गरिन्छ। यो कार्यक्रमले लिएको लक्ष्य तथा उद्धेश्य हांसिल गर्ने व्यवस्थापकिय उपकरण हो। यसरी बार्षिक रुपमा कार्यालयवाट भए गरेका कामहरुको समिक्षा गर्दा कार्यक्रम संचालन कतिको प्रभावकारी भयो, कामको दौरानमा के कस्ता खालका समस्याहरु आए, ति समस्याहरुको समाधान कसरी गरियो भन्ने विषयमा केन्द्रित भएरनै संचालन गरिएको थियो । यसले आगामि दिनमा पालिकाबाट सम्पादन गरिने कामहरुलाइ अझै प्रभावकारी बनाउँनका लागि सरोकारवालाहरुसंग सुझावहरु समेत संकलन गरिएको थियो। नगरपालिकाका विभिन्न शाखाहरु तथा वडाहरुले सम्पादन गरेका कामहरुमा उठेका सवालहरुको सम्बन्धित शाखा, नगर प्रमुख उपप्रमुख तथा वडा अध्यक्षज्यूहरुवाट स्पष्ट पार्ने समेत काम बार्षिक समिक्षा कार्यक्रममा सम्पन्न गरियो ।

## २. समिक्षा कार्यक्रमको उद्देश्य (Objectives of the Review)

धुलिखेल नगरपालिकाले आ.व. ०८०।०८१ मा सम्पादन गरेको कार्यक्रमहरुको समग्र बार्षिक प्रगतिको समिक्षा गर्नु मुख्य उद्धेश्य रहेको यस बार्षिक प्रगति समिक्षा कार्यक्रमको देहाय बमोजिमका बिशिष्ट उद्देश्यहरू रहेका थिए ।

- नगरका १२ वटै वडाहरू र नगरपालिका भित्र रहेका शाखाहरूले सम्पादन गरेका कामहरूको बार्षिक समिक्षा गर्ने।
- कार्य सम्पादनमा भए गरेका उल्लेखनिय कामहरूको उजागर गर्ने ।
- एक वडाले गरेका नायाँ तथा प्रभावकारी कामलाई अन्य वडाहरूमा लागु गर्न सिकाई तथा सहजता हुने ।
- कार्य सम्पादनमा आएका समस्याहरूका बारेमा समिक्षा गर्ने ।
- समस्याहरूको निराकरण कसरी गर्ने र आगामि दिनहरूमा कसरी अगाडि बढ्ने सो को मार्ग प्रसस्त गर्ने ।

## ३. समिक्षको संचालन विधि (Methodologies)

बार्षिक समिक्षा कार्यक्रमले कैयौं महत्वपूर्ण पक्षलाई समेटने हुनाका साथै ज्यादै गम्भिर प्रकृतिको कार्य भएकोले उक्त समिक्षा कार्यक्रम संचालनको सिलसिलामा निम्नानुसार विधि अपनाइयो :

- नगरपालिकाको वडास्तर तथा नगरस्तरमा हालसम्मको प्रगतीको प्रस्तुतीकरण ।
- अन्य सहजीकरण ।

## ४. अवधि (Duration)

यस कार्यक्रमको अवधि एक दिन रहेको थियो । कार्यक्रम चालु आ.व.को पहिलो चौमासिक भित्र सम्पन्न गरिसक्नुपर्ने भएको हुँदा मिति २०८१ कात्तिक २९ गते समिक्षा कार्यक्रम संचालन गरियो

## ५. सहभागीहरु (Participants)

वडा र नगरस्तरका गरी जम्मा १३० जना सहभागिहरुको सहभागिता रहको थियो ।

## समिक्षा कार्यक्रमः

समिक्षा कार्यक्रमको शुरुवात वडा नम्बर १ देखि १२ वटै वडाहरुले आ.व.२०८०।०८१ मा सम्पन्न गरेका कृयाकलापहरु, अनुकरणीय कामहरु,समस्या तथा चुनौतीहरु र समस्या समाधानका लागि गरिएका प्रयासहरुका बारेमा छुट्टाछुट्टै प्रस्तुतीकरण गर्नु भएको थियो । (सबै वडाहरुबाट प्रस्तुतिकरण भएका स्लाईडहरु यसै प्रतिवेदनमा समावेश गरिएको छ ) उक्त समिक्षामा आएका मुख्य सवाल तथा सुझावहरु निम्न रहेका थिए :

- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन तथा लेखा ब्यवस्थापन सम्बन्धि तालिम कार्यक्रम संचालन गर्नुपर्ने ।
- योजनाहरुको कार्यान्वयन ठेकेदारबाट गर्नु भन्दा उपभोक्ता समितिहरुबाटै संचालन गर्नुपर्ने ।
- वडाको भूगोलका आधारमा बजेटको ब्यवस्थापन हुनुपर्ने । हाल वडाहरुलाई विनियोजन गरिएको बजेट न्युन हुनु ।
- वडाबाट गरिने सिफारिशहरुका बारेमा एकरुपता ल्याउनुका साथै वडा अध्यक्ष तथा कर्मचारीहरुलाई क्षमता विकास तालिम कार्यक्रम संचालन गर्नुपर्ने ।
- वडाबाट विनियोजन गरिएको बजेटबाट संचालन गरिने योजनाहरु स-साना निर्माण तथा कार्यक्रममा विनियोजन हुनु ।
- वडाले कुनैपनि सेवाग्रहीहरुलाई सिफारिश दिदा सर्वप्रथम सेवाग्राहीहरुबाट निवेदन लिई सो को दर्ता गरी मात्र सिफारिश दिनुपर्ने यसो नगर्दा पत्रको दर्ता र चलानीमा ठुलो ग्याप भएको ।
- वडाले प्रस्तुतीकरण गर्दा नगरले संचालन गरेका योजनाहरु समावेश नगर्ने ।
- अनुकरणीय कामहरुको सेयरिङ्ग

समिक्षा कार्यक्रमको दोश्रो सत्र

समिक्षा कार्यक्रमको दोश्रो सत्रमा बिशेषत नगरपालिका भित्रका विभिन्न शाखाहरुबाट संचालन गरिएका उल्लेखनिय कार्यक्रम, समस्या तथा चुनौतिहरु तथा सो समाधानका लागि गरिएका प्रयासहरु प्रस्तुतिकरण गरियो । सो प्रस्तुतिकरणका स्लाईडहरु यसै प्रतिवेदनको तल समावेश गरिएको छ । उक्त समिक्षामा उठेका सवाल तथा सुझावहरु निम्न रहेको थिए :

- परिषद्हरुबाट संचालन गर्नुपर्ने कार्यक्रमहरु समयमानै निर्णय गरी संचालन गर्नुपर्ने
- कृषि शाखाबाट वितरण गरिएका समाग्रिहरुको गुणस्तरलाई कायम गरी प्रविधिका सामाग्रिहरु बितरण गर्नुपर्ने ।
- वडाको क्षेत्रफल तथा भूगोलका आधारमा बार्षिक बजेट विनियोजन गर्ने नीतिलाई प्राथमकिता दिनुपर्ने ।

- वडाहरुस्तरबाट समेत बालबालिकाको चौचर्फि विकासका लागि बजेटको ब्यवस्थापन गर्नुपर्ने ।
- कर्मचारी संगठनात्मक तालिका बोमिजम अझै समाहित गर्न नसकिएको ।
- धुलिखेल स्वस्थ शहर कार्यक्रमलाई विशेष जोड दिई सचालन गरिएको ।
- धुलिखेल नगरलाई विश्व स्वास्थ्य संगठनबाट स्वस्थ शहर घोषाणा गरी पुरस्कृत गरिएको ।
- अल्छेचौर सामुदायिक बनमा बढि खर्च भएको तर उपलब्धिहरु क्म भएको ।
- नगरमा संचालनमा रहेको सवै सहकारीहरुको तथ्याकं अद्यावधिक गर्नुपर्ने ।
- बाढि पहिरोको कारण क्षेती भएका संरचनाको पुर्ननिमार्णका लागि नगरलाई संकटग्रस्त क्षेत्र घोषणा गरि लागु गर्नुपर्ने ।

<u>कार्यक्रमका केहि झलकहरु तस्बिरमा</u>


















12:19:22





